## आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः ०६ दिसम्बर २०२५

समयः १८:५० – १९:०० बजे

**मुख्य समाचार**

- लोकसभामा निर्वाचन सुधार माथि चर्चा जारी रहेको छ।

- गृहमन्त्री अमित शाहले राष्ट्रगीत वन्दे मातरम देशभक्ति, त्याग र राष्ट्रिय चेतनाको प्रतीक बनेको छ, जसले स्वतन्त्रता आन्दोलनको मार्ग प्रशस्त गरेको बताउनुभएको छ।

- सर्वोच्च न्यायालयले आज पश्चिम बंगाल र अन्य राज्यहरूमा एसआईआरको दोस्रो चरणको अभियानमा संलग्न बीएलओ र अन्य अधिकारीहरूलाई प्राप्त धम्कीलाई गम्भीरतापूर्वक लिएको छ।

- दार्जीलिंगका लोकसभा सांसद राजु बिस्टले संसदको बर्तमान सत्रमा पश्चिम बङ्गालमा बिभिन्न योजनाहरूबारे जानकारी लिएको बताउनुभएको छ।

- लेप्चा भाषालाई विद्यालयको पाठ्यक्रममा समावेश गरिनुपर्ने मागमा लेप्चा समुदायले आज कालेबुङदेखि कोलकाता सम्म पैदल यात्रा शुरु गरेका छन्।

**लोकसभा -निर्वाचन**

लोकसभामा निर्वाचन सुधारमाथि चर्चा जारी रहेको छ। चर्चामा हस्तक्षेप गर्दै कानून एवम् न्याय मन्त्री अर्जुन राम मेघवालले भन्नुभयो, काङ्ग्रेस शासनकालमा धेरै पटक मतदाता सूचीको विशेष गहन पुनरीक्षण गरिएको थियो, तर अहिले विपक्षीहरूले यस अभ्यासमाथि प्रश्न उठाइरहेका छन्। उहाँले देशको मतदान संरचनाको प्रशंसा गर्नुहुदै स्वतन्त्रतादेखि नै सबैलाई समान मताधिकार प्राप्त भएको बताउनु भयो । उहाँले भन्नुभयो, नरेन्द्र मोदी सरकारले नारी शक्ति वन्दन अधिनियम पारित गरेको छ जसमा लोकसभा, राज्य विधानसभा र दिल्ली विधानसभामा महिलाहरूका लागि कुल सिटहरूको एक तिहाइ आरक्षित गर्ने माग गरिएको छ।

**गृहमन्त्री अमित शाह- वन्दे मातरम**

गृहमन्त्री अमित शाहले राष्ट्रगीत वन्दे मातरम देशभक्ति, त्याग र राष्ट्रिय चेतनाको प्रतीक बनेको छ, जसले स्वतन्त्रता आन्दोलनको मार्ग प्रशस्त गरेको बताउनुभएको छ। आज राज्यसभामा वन्दे मातरम गीतको 150 औं वर्षगांठमा चर्चाको शुरुवात गर्नुहुदै श्री शाहले भन्नुभयो यो अमर कृतिले भारत माता प्रति कर्तव्य र समर्पणको भावना जागृत गर्दछ।आज राज्यसभामा गीत वन्दे मातरमको १५०औँ बर्षगाठको अवसरमा चर्चाको शुरुवात गर्नुहुदै श्री शाहले भन्नुभयो, यो अमर कार्य एक यस्तो सृष्टि हो जसले भारत माताप्रति कर्तव्य र समर्पणको भावना जागृत गर्दछ। उहाँले अझ भन्नुभयो - वंदे मातरम् स्वतन्त्रता संग्रामको समयमा पनि आवश्यक थियो, अहिले पनि छ र देश २०४७ मा विकसित भारत भईन्जेल यसको आवश्यकता रहनेछ।यसरीनै राज्यसभामा विपक्षका नेता मल्लिकार्जुन खड़गेले कांग्रेसले स्वतंत्रता संग्राम अवधि वंदे मातरमलाई नारा बनाएको बताउनु भयो।

**उच्चतम न्यायालय - पश्चिम बंगाल - एसआईआर**

सर्वोच्च न्यायालयले आज पश्चिम बंगाल र अन्य राज्यहरूमा एसआईआरको दोस्रो चरणको अभियानमा संलग्न बीएलओ र अन्य अधिकारीहरूलाई प्राप्त धम्कीलाई गम्भीरतापूर्वक लिएको छ र निर्वाचन आयोगलाई त्यस्ता मुद्दाहरूको संज्ञान लिन भनेको

छ। प्रधान न्यायाधीश सूर्यकान्त र न्यायाधीश जोयमाल्या बागचीको पीठले निर्वाचन आयोगलाई भनेको छ -मतदाता सुचीहरुको विशेष गहन पुनरिक्षणको काममा बिभिन्न राज्य सरकारको सहयोगको कमीलाई गम्भीरतापूर्वक लिनुपर्छ।

**पश्चिम बंगाल-एसआईआर**

पश्चिम बंगालमा जारी विशेष गहन पुनरीक्षण (एसआईआर) प्रक्रिया अवधि राज्यभरिबाट 56 लाख 37 हजार मतदाताहरूको नामलाई 'असंग्रहणीय'- को रूपमा चिन्हित गरिएको छ अर्थात यी मतदाताहरूको एन्यूमरेशन फारम जमा भएको छैन। यसबाट स्पष्ट हुन्छ, यिनीहरूको नामलाई मतदाता सूचीबाट काटिनेछ। मुख्य निर्वाचन अधिकारी कार्यालयका एक जना वरिष्ठ अधिकारीले आज बताएनुसार , अहिलेसम्ममा राज्यमा 7 करोढ़ 66 लाख नामांकन प्रपत्र वितरित गरिसकिएको छ। अधिकारी अनुसार अहिलेसम्ममा अंसग्रहणीय बताइको 56 लाख नामहरूलाई प्रारूप मतदाता सूचीमा सामेल गरिनेछैन। यसमा 23 लाख 98 हजार दिवंगत मतदाता, 10लाख 95 हजार मतदाताहरुको ठेगाना पत्तो लागेन जबकी 19लाख 65 हजार अन्य स्थानमा स्थानान्तरित गरिसकिएको छ भने 1लाख 32 हजार दोहराइएको नाम तथा 47 हजार 832 अन्य कारणहरूले हटाइएको सामेल छन्।यसै बीच भारतीय निर्वाचन आयोगले बूथ स्तर अधिकारीले मोबाइल अनुप्रयोगलाई अपडेट गरेका छन् जसको मुख्य उद्देश्य मतदाता सूचीमा दर्ता जाली वा दोहोराएको नामहरूको पहिचान गर्नु हो। अधिकारीले , नयाँ संस्करणमा सत्यापनको प्रक्रिया अधिक सरल र प्रभावकारी भएको बताएको छ।

**पश्चिम बङ्गाल -शुभेन्दु अधिकारी**

पश्चिम बंगालका विपक्षी दलका नेता शुभेन्दु अधिकारीले आज राज्यको तृणमूल कांग्रेस सरकारमाथि ठूलो आरोप लगाउनु भएको छ । उहाँले अझ भन्नुभयो - टीएमसी सरकारले एससी, एसटी र ओबीसी प्रमाणपत्र जारी गर्ने उद्देश्यका साथ राज्यभरि द्रुत गतिमा शिविरहरू आयोजना गरिरहेको छ। शुभेन्दु अधिकारीले यी शिविरहरू "कागजात नभएका घुसपैठिया र नक्कली दाबीकर्ताहरू" लाई फाइदा पुर्याउन प्रयोग गरिएको दाबी गर्नुभएको छ
सुवेन्दु अधिकारीले मुर्शिदाबाद जिल्लाका काण्डी ब्लक विकास अधिकारीले जारी गरेको ज्ञापनपत्रमा ८ दिसम्बर देखि १२ दिसम्बर सम्म पञ्चायत कार्यालयहरूमा यस्ता शिविरहरू आयोजना गरिने उल्लेख गरिएको छ। उहाँले निर्वाचन आयोगसँग २४ जुनपछि जारी भएका सबै प्रमाणपत्रको कडाइका साथ जाँच गर्नुपर्ने माग गर्नुभएको छ । बिहारमा एसआईआरको पहिलो चरण २४जुन मा शुरु भएकाले यसपछि जारी गरिएका कागजपत्रमाथि विशेष नजर राख्नुपर्ने अधिकारीको तर्क छ।

**संविधान सभा -रैली**

संविधान सभाको पहिलो बैठकको ७९ औं वर्षगाँठको अवसरमा तृणमूल महिला कांग्रेस (टीएमसीसी) ले आज मध्य कोलकातामा रैलीको आयोजना गरेको छ। राज्यका वित्तमन्त्री चन्द्रिमा भट्टाचार्य र क्याबिनेट मन्त्री शशि पञ्जाको नेतृत्वमा रैली निकालिएको थियो । ललितकला प्रतिष्ठानबाट सुरु भएको यात्रा धर्मतलातर्फ अघि बढेको थियो। महानगरपालिकाका पार्षद र मेयर–इनकाउन्सिल सदस्यको पनि उपस्थिति रहेको थियो ।
नेता र अधिकारकर्मीहरूले बंगालको अधिकारको रक्षा गर्नुपर्छ र जनता एक ठाउँमा उभिनुपर्छ भन्ने प्लेकार्ड बोकेका थिए। यो कार्यक्रम राज्यको अधिकार र संवैधानिक मूल्यको संरक्षणसँग जोडिएको थियो ।
शशी पन्जाले 'संविधानसभाको पहिलो बैठक ९ दिसम्बर सन् १९४६ मा भएको स्मरण गराउन यो रैली निकालिएको बताउनु हुदै उहाँले संविधान देशको सुरक्षा कवच भएको बताउनु भयो ।

**दार्जीलिंग -सांसद – ग्रामीण बिकास**

दार्जीलिंगका लोकसभा सांसद राजु बिस्टले पश्चिम बङ्गालमा पञ्चायत निकायहरूका चुनाउका लागि १४ औं र १५औं वित्त आयोग अन्तर्गत २०१९ देखि दिइएको कोषको विवरण ,वर्तमानमा चलिरहेका परियोजनाहरू, राष्ट्रीय ग्राम स्वराज योजनाअन्तर्गत प्रशिक्षण, अनि स्वामित्व योजनाको स्थितिबारे ताजा जानकारी मागेको बताउनुभएको छ। उहाले एक प्रेस बिज्ञप्ति जारी गर्नुहुदै पञ्चायती राज मन्त्री राजीव रंजन सिंह बाट प्राप्त उत्तरले ग्रामीण निकायहरूलाई केन्द्रको बलियो सहायता प्राप्त भएको बताउनु भएको छ।सांसद विस्टले भन्नुभएको छ -१४औं वित्त आयोग अन्तर्गत पश्चिम बङ्गालले १४ हजार १ सय

९१.७८ करोड़ प्राप्त गरेको थियो भने १५औँ वित्त आयोग अन्तर्गत २१ हजार ६ सय ११ करोड़ छुट्ट्याइएको छ जसमध्ये १९ हजार ६ सय ३९.९९ करोड़ जारी गरिसकिएको छ। उहाँले राज्यले पहिलो किस्ताको लागि आवश्यक प्रमाणपत्र अहिलेसम्म नबुझाएको कारण बर्ष २०२५-२६ को लागि दोस्रो किस्ता बाँकी रहेको बताउनु भएको छ l उहाँले आश्चर्य प्रकट गर्दै भन्नुभएको छ - पश्चिम बङ्गाल सरकारले दार्जिलिङ जिल्लाको लागि चार खण्डहरू –खोरीबारी, मतिगड़ा, नक्सलबाड़ी, र फाँसिदेवाका लागि मात्रै तथ्याङ्क अपलोड गरेको छ। पहाड़ी क्षेत्र दार्जिलिङमा पञ्चायतहरूसँग सम्बन्धित कुनै तथ्याङ्क यहाँ उपलब्ध छैन। यसैप्रकारले कालेबुङ जिल्लामा पञ्चायतहरू सम्बन्धी तथ्याङ्कहरू पनि गायब रहेको जानकारी दिनुहुदै सांसद विस्टले यी कोषहरूको उपयोगको सम्बन्धमा साथै दार्जिलिङ र कालेबुङ जिल्लाहरूका पञ्चायत इलाकाहरूलाई आवण्टित कोषहरूको बारेमा एउटा विस्तृत छानबिन गरिनु आवश्यक रहेको बताउनुभएको छ l

**अमृत २.० -कालेबुंग पिउने पानी परियोजना**

अमृत २.० अन्तर्गत आवास एवं शहरी मामिला मन्त्रालयले कालेबुंग नगरपालिकालाई १९६.९७ करोड रुपियाँ आवन्टन गरेको छ। यी अन्तर्गत, दुई प्रमुख परियोजनाहरू स्वीकृत गरिएको छ जसमा कालेबुङ नगरपालिका भित्र 196.57 करोडको पानी आपूर्ति योजना, र 40 लाख रुपियाँ पार्कहरूको हरित क्षेत्र विकास प्रमुख रहेको छ। यो नयाँ परियोजनासँगै लामो समय देखि को कालेबुङमा पानीको समस्या समाधान हुने अपेक्षा गरिएको छ। यस आशयको जानकारी दिनुहुदै दार्जीलिंगका सांसद राजु विस्टले प्रधान मन्त्री श्री नरेन्द्र मोदी अनि आवास र शहरी मामिला मन्त्री मनोहर लाल खट्टरको नेतृत्वमा केन्द्र सरकारले दार्जीलिंग पहाड, तराई र डुवर्स क्षेत्रको विकासमुलक आवश्यकताहरूको लागि निरन्तर सहयोग गर्दै आईरहेको बताउनुभएको छ l

**जीटीए -शिक्षक नियुक्ति -न्यायालय**

जीटीए क्षेत्रमा कथितरूपले भएको अवैध शिक्षक नियुक्तिमाथि उच्च न्यायालयमा भइरहेको सुनवाई आज समाप्त भएको छ। जसमाथि अब केवल निर्णय आउन मात्रै बाँकी रहेको छ। यस आशयको जानकारी दिई ट्रेण्ड अन्-इम्प्लोइड युथ वेलफेयर अर्गनाइजेशनका प्रमुख सुधन गुरूङले 313 जना शिक्षकको अवैध नियुक्तिमाथि उच्च न्यायालयले आफ्नो निर्णयलाई सुरक्षित राखेको बताउनु भएको छ। उहाँले यसमाथि कलकत्ता उच्च न्यायालयको प्रिन्सिपल बेञ्चमा अप्रैल 2023-देखि नै सुनवाई चलिरहेको जानकारी गराउनुहुदै यसमाथि न्यायालयले सही निर्णय सुनाउने आशा गरिएको बताउनु भएको छ l श्री गुरुङले -न्यायालयको निर्णय सत्यको पक्षमा हुने आशा व्यक्त गर्नुहुदै उहाँले दार्जीलिङ पहाड़मा दक्ष अनि निष्पक्षरूपले शिक्षक नियुक्ति गर्नको लागि स्कूल सर्भिस कमिशन लागू गर्नुपर्छ भन्ने माग पनि उठाउनु भएको छ l

**दार्जीलिङ नगरपालिका–विभिन्न योजनाको शिलान्यास**

दार्जीलिङ नगरपालिकाको घुम समष्टि अन्तर्गत वार्ड नम्बर १, २, ३ र ४ मा हाम्रो गाउँ, हाम्रो समाधान कार्यक्रम अन्तर्गत सञ्चालन हुने विभिन्न विकास मुलक कार्यहरुको आज एकमुष्ट रूपमा शिलान्यास कार्यक्रम सम्पन्न गरियो। दार्जीलिङ नगरपालिका अध्यक्ष दिपेन ठकुरीले पण्डितद्वारा मन्त्रोच्चारण र नरिवल फुटाएर विधिवत रूपमा शिलान्यास गर्नुभयो। कार्यक्रम पश्चिम बंगाल सरकारको दुरदृष्टि अनुसार अघि बढाइएको दार्जीलिङ नगरपालिका अध्यक्ष ठकुरीले जानकारी गराउनु भएको छ ।नगरपालिकाका ३२ वटै वार्डहरुमा यो योजना कार्यान्वयन गरिने बताउनुहुदै अध्यक्ष ठकुरीले घुम समष्टिका चार वार्ड बाट कुल ६३ प्रस्ताव प्राप्त भएको जानकारी दिनुभएको छ। श्री ठकुरीले तीमध्ये ४६ वटा परियोजना स्वीकृत भई आजदेखि कार्य प्रारम्भ गरिएको बताउनुभएको छ l कार्यक्रममा स्थानीय वार्डवासी, नगर पार्षदहरू तथा विभिन्न सामाजिक प्रतिनिधिहरूको सक्रिय उपस्थिति रहेको थियो।

**कालेबुंग -लेप्चा भाषा**

लेप्चा भाषालाई विद्यालयको पाठ्यक्रममा समावेस गरिनुपर्ने माग लिएर लेप्चा समुदायले आजदेखि कालेबुङदेखि कोलकातातर्फ पैदल यात्रा शुरु गरेका छन्। सेभ लेप्चा ल्याङवेजको ब्यानरमा शुरु गरिएको यस अभियानको थालनी आज डम्बर

चोकबाट भएको छ। पैदल यात्रा शुरु गर्न अघि अभियानको एउटा टोलीले तृणमुल नेत्री शान्ता छेत्रीको नेतृत्वमा जिल्ला अधिकारीलाई भेट गरेर एउटा ज्ञापनपत्र पनि बुझाए भने पैदल यात्रामा निस्केका लेप्चाहरुलाई सम्बोधन गर्दै दोर्जी टी लेप्चाले वर्तमान सरकारले नै लेप्चाहरुको माग पूरा गर्ने कुरामा आफुहरु आश्वस्त रहेको बताउनु भएको छ।

**पश्चिम बङ्गाल सरकार- हस्त शिल्प कार्ड**

पश्चिम बङ्गाल सरकारद्वारा खरसाङ खण्ड विकास अन्तर्गत पञ्चायत समिति कार्यालयमा खरसाङ खण्ड विकास अधिकारी कौशिक चक्रवर्ती, पञ्चायत समिति कर्माध्यक्ष बिरेन्द्र तामाङ अनि एमएससी अधिकारीको हातबाट क्षेत्रका शिल्पकारहरुलाई हस्त शिल्प कार्ड वितरण गरिएको छ। सरकारबाट पाउने यस्ता सहुलियतहरूले मानिसहरूलाई धेरै लाभ पुग्ने र यसको लाभ उठाउन सबै अघि आउनु पर्ने पञ्चायत समिति कर्माध्यक्ष बिरेन्द्र तामाङले जानकारी दिनुभएको छ I

**कोलकाता साहित्य महोत्सव**

एपीजे कोलकाता साहित्य महोत्सव आगामी वर्षको 9 जनवरीदेखि शुरू हुनेछ जसको समापन 11 जनवरीमा हुनेछ। आयोजकहरूले यस तीन दिवसीय महोत्सवले साहित्य, सिनेमा, संगीत, इतिहास, राजनीति, भोजन, संस्कृति अनि समकालीन सामाजिक मुद्दाहरूमा सम्वादको व्यापक मञ्च प्रस्तुत गर्नेछ।यस पटकको कार्यक्रममा देश-विदेशका केही चर्चित लेखक, चिन्तक, कलाकार औ बरिस्ठ ब्यक्तित्वहरु उपस्थित रहनेछन्। महोत्सवको आयोजन शहरका तीन प्रमुख स्थलहरू क्रमैले अलिपुर म्यूजियम, अक्सफोर्ड बुकस्टोर औ द पार्क, कोलकातामा हुनेछ। एकेएलएफकी निदेशक अञ्जुम कटियालले भन्नुभयो -वर्ष 2026 संस्करणमा जेण्डर, इतिहास तथा अनुवाद जस्ता मुद्दाहरूा विशेष प्रकाश पारिनेछ जुन वर्तमान सामाजिक चर्चाको केन्द्रमा छन्। यसको साथै अक्सफोर्ड बुकस्टोरमा अक्सफोर्ड जूनियर लिटरेरी महोत्सवको पनि आयोजन हुनेछ जसमा बाल-बालिका तथा युवा पाठकहरूको लागि 'मीट द अथर' सत्र, रचनात्मक कार्यशालाहरू, वर्ड गेम्स औ कथा सुनाउने जस्ता विशेष कार्यक्रम राखिनेछ।

**मौसम -उत्तर बङ्गाल**

मौसम विभागले यो हप्ता पनि शीतलहरमा कुनै कमी नआउने सम्भावना व्यक्त गरेको छ । कोलकातामा पनि तापक्रम सामान्यभन्दा कम रहेको छ ।मौसम विभाग अनुसार अहिले बंगालको खाडीमा कुनै नयाँ अवसाद वा चक्रवात बन्ने सम्भावना छैन। यही कारण उत्तरबाट आउने चिसो हावा बिना कुनै अवरोध पूरै बंगालमा प्रवेश गरिरहेको छ, जसका कारण तापक्रम लगातार घटिरहेको छ।

****** ० ******